**तिनाउ गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०८०।०७।१९ गतेको ३७ औं बैठकका निर्णयहरुः**

**तिनाउ गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०८०।०७।१९ गतेको ३७ औं बैठकका निर्णयहरुः**

१. तपशिल अनुसारका नियमावली, कार्यविधि र निर्देशिका स्वीकृत गर्ने निर्णय गरियो।

- क) तिनाउ गाउँपालिकाबाट गरिने बजार अनुगमन निर्देशिका, २०८०
- ख) तिनाउ गाउँपालिकाको अनुगमन तथा सुपरिवेक्षण समितिको कार्यसञ्चालन कार्यविधि, २०८०
- ग) अपाङ्गता भएका व्यक्तिको परिचय-पत्र वितरण कार्यविधि, २०८०
- घ) तिनाउ गाउँपालिकाको कार्यसञ्चालन निर्देशिका, २०८०
- ङ) तिनाउ गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०८०
- च) घर बहाल कर व्यवस्थापन कार्यविधि, २०८०
- छ) बालगृह संचालन कार्यविधि, २०८०
- ज) बाल विवाह विरुध्द कार्यक्रम संचालन खर्च व्यवस्थापन कार्यविधि, २०८०
- झ) व्यवसाय कर सम्बन्धी कार्यविधि, २०८०
- ञ) तिनाउ गाउँपालिकाको सञ्चित कोषको आन्तरिक लेखापरीक्षण सम्बन्धी कार्यविधि २०८०
- ट) सडक बालबालिका व्यवस्थापन खर्च कार्यविधि, २०८०
- ठ) सार्वजनिक जवाफदेहिता प्रवर्द्धन सम्बन्धी कार्यविधि, २०८०
- ड) तिनाउ गाउँपालिकाको सूचना तथा अभिलेख केन्द्रको स्थापना तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०८०
- ढ) स्थानीय तहको योजना प्रक्रियामा युवा सहभागिता सम्बन्धी कार्यविधि २०८०
- ण) आर्थिक सहायता सम्बन्धी निर्देशिका, २०८०
- त) गाउँपालिकाको लिलाम विक्रि सममबन्धी कार्यविधी, २०८०
- थ) तिनाउ गाउँपालिकाको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका,२०८०

२. बाल मैत्री स्थानीय शासन सञ्चालन कार्यक्रम सञ्चालन सम्बन्धमा तपशिल अनुसार कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो

- क) बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८ अवलम्बन गर्ने निर्णय गरियो
- ख) बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि २०७९ अबलम्बन गर्ने निर्णय गरियो ।
- ग) बालमैत्री स्थानीय शासन अवधारणा कार्यान्वयनका लागि यस गाउँपालिकाका ६ वटै वडा छनोट गर्ने निर्णय गरियो ।
- घ) बालमैत्री स्थानीय शासन गाउँपालिका सम्पर्क व्यक्ती श्री रिता थापालाई तोक्ने निर्णय गरी सम्पर्क शाखा स्थापना गर्ने निर्णय गरियो ।
- ङ) बालमैत्री स्थानीय शासन वडा सम्पर्क ब्यक्तिको रुपमा वडा सचिवहरुलाई तोक्ने निर्णय गरियो ।

**तिनाउ गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०८०।०७।१९ गतेको ३७ औं बैठकका निर्णयहरुः**

च) गाउँपालिकालाई बालमैत्री स्थानीय शासन युक्त गाउँपालिका तोकिएको समयमा घोषणा गर्न अस्थायी दरबन्दीको रुपमा गाउँपालिका सहजकर्ता-१ जना र वडा सहजकर्ता-६ (प्रत्येक वडामा १ जनाका दरले) जनाको दरबन्दी स्वीकृत गर्न निर्णय गरियो ।

छ) बालमैत्री गाउँपालिका तथा वडा सहजकर्ता गाउँपालिकाले प्रक्रिया पुर्याई भर्ना गर्ने निर्णय गरियो ।

ज) यस आर्थिक वर्षमा बालमैत्री स्थानीय शासन सञ्चालन शिर्षकमा विनियोजन भएको रकम तपशिल अनुसार विनियोजन गर्ने निर्णय गरियो ।

तपशिलः

| **क्र.सं.** | **कार्यक्रमको नाम** | **रकम रु.** |
|---|---|---|
| १ | गाउँपालिका सहजकर्ताको पारिश्रमिक | १,७०,०००।- |
| २ | वडा सहजकर्ताहरुको पारिश्रमिक | ८,४०,०००।- |
| ३ | बालमैत्री स्थानीय शासन नीतिगत कार्यान्वयनका लागि अबलम्बन तथा घोषणा सम्बन्धी वडा स्तरिय अभिमुखिकरण | ३,००,०००।- |
| ४ | बालमैत्री स्थानीय शासन सम्बन्धी सुचक सरलीकरण तथा बालमैत्री आचार संहिता निर्माण कार्यशाला | ५०,०००।- |
| | जम्मा | १३,६०,०००।- |

३. भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको व्यवस्थापन सम्बन्धमा राष्ट्रिय भूमि आयोग, पाल्पासँग छलफल गरी लगत संकलन भएका फाराहरुलाई सूचना प्रणालीमा प्रविष्ट गरी छिट्टै निस्सा वितरण कार्य अगाडि बढाउने निर्णय गरियो ।

४. तपशिल अनुसारका योजनाहरुमा ठेक्का व्यवस्थापन गर्न आवश्यक पर्ने तपशिल अनुसारको थप रकम स्रोत सुनिश्चितता गर्ने निर्णय गरियो ।

| **क्र.सं.** | **योजनाको नाम** | **रकम रु.** |
|---|---|---|
| १ | मिनिटिलर खरिद | ७,००,०००।- |
| २ | नुवाकोट हरियाली गाउँ ज्यामिरे पर्यटकीइ सडक | ३०,००,०००।- |
| ३ | हात्तीकोट खानेपानी गाउँ ज्यामिरे पर्यटकीय सडक | १०,००,०००।- |
| ४ | गोरबन्दि सत्यवती लगाढ गिजनचौर पर्यटकीय सडक | १०,००,०००।- |
| ५ | आँपचौर बेलडाँडा चिदिस शिखरडाँडा गुफाचौर मोटरबाटो स्तरउन्नती | १०,००,०००।- |
| ६ | कचल झिङ्गामारा ठूलीउदाङ सडक | १०,००,०००।- |
| | जम्मा | ७७,००,०००।- |

**तिनाउ गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०८०।०७।१९ गतेको ३७ औं बैठकका निर्णयहरुः**

५. आ.व बर्ष २०८०।८१ मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्रतगत सञ्चालित आयोजनामा न्यूनतम रोजगारीका लागी सूचिकृत बेरोजगार ब्यक्तिहरु वडा नं. १ मा १३९ जना, वडा नं. २ मा १५ जना, वडा नं. ३ मा २४ जना, वडा नं. ४ मा २०७ जना , वडा नं. ५ मा १२१ र वडा नं. ६ मा १३८ जना गरि जम्मा ६४४ जना रहेको पारित गरियो ।

६. प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा ७० मा भएका आयोजनाका सम्भावित १२ वटा क्षेत्रहरुलाई आधार लिएर छनौट गरिनेछ ।

**सूचिकृत बेरोजगार ब्यक्ति काममा खटाउने आधारहरु**

- रोजगार आयोजनामा श्रमीक परिचालन बेरोजगार ब्यक्तिको सूचि निर्धारण तथा प्राथमिकिकरण मार्गदर्शन, २०७२ को प्राथमिकिकरणक्रम अनुसार ।
- काममा जान तथा काम गर्न इच्छुक नभएका, बिचमै काम छोडने मनसायका, कामको आचारसहिता उल्लघन गर्ने प्रवृतिका ब्यक्तिहरुको स्थानमा वडाको सिफारिसमा प्राथमिकिकरण अनुसार अन्य सूचिकृत ब्यक्तिहरुलाई खटाइनेछ ।
- वडाको सूचिकृत ब्यक्तिहरु ३० जना सम्म भएको वडामा उपभोक्ता समिती गठन गर्न आवश्यक न्यूनतम संख्या ५ जनालाई रोजगार दिने गरि सञ्चालन गरिनेछ ।
- सूचिकृत बेरोजगार ब्यक्तिहरुलाई योजनाहरुमा खटाउदा वडाका स्थानहरुको दुरि पनि धेरै टाढा पर्ने हुदाँ योजना सञ्चालनमा कठिनाई पर्ने भएकाले EMIS मा प्रविष्टि भएका बेरोजगार ब्यक्तिहरुको संख्या, बजेटलाई र प्राथमिकिकरणमा परेका ब्यक्तिहरुको संख्यालाई आधार मानि सबै वडामा कार्यक्रम सञ्चालन गर्ने गरि प्राथमिकता बमोजिम जम्मा ६९ जनालाई युवा रोजगारीका लागी रुपान्तरण पहल आयोजनामा र पारिश्रमिकमा आधारित सामुदायिक योजनाहरुमा १०० दिनको रोजगारी हुने गरि तपशिल बमोजिम खटाइनेछ ।

तपशिलः

| वडा नं. | सूचिकृत ब्यक्ति | रोजगारीमा खटाउने संख्या | कैफियत |
|---|---|---|---|
| १ | १३९ | १३ | |
| २ | १५ | ५ | |
| ३ | २४ | ५ | |
| ४ | २०७ | २२ | |
| ५ | १२१ | ११ | |
| ६ | १३८ | १३ | |
| | ६४४ | ६९ | |

७. गाउँपालिकाकाका शाखाहरुले हालसम्म सम्पादन गरेका कार्यहरुको बारेमा शाखा प्रमुखहरुबाट जानकारी लिंदा सेवा प्रवाहलाई प्रभावकारी गराउन तपशिल अनुसार कार्य सम्पादन गर्न निर्देशन दिने निर्णय गरियो ।

**तिनाउ गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०८०।०७।१९ गतेको ३७ औं बैठकका निर्णयहरुः**

क) आ.व. २०७९/८० मा गाउँपालिकाले गरेका कामहरुको लेखा परिक्षणबाट देखिएका बेरुजुहरुको बारेमा छलफल गरियो आगामी वर्षहरुमा बेरुजु घटाउन गाउँपालिकाले लेखा परिक्षणका सुझाहरुलाई ध्यान दिंदै कार्य सम्पादन गर्ने निर्णय गरियो ।

ख) विभिन्न शाखाहरुले सम्पादन गरेका कामहरुबाट गाउँपालिकाले बनाएको कार्ययोजना अनुसार कार्य गर्न ढिलाई हुने देखिएकोले सबै शाखाहरुलाई आफ्ना कार्यसम्पादनलाई गतिशिलता दिन निर्देशन दिने निर्णय गरियो ।

८. यस गाउँपालिकाको वडा नं. ५ चरचरे स्थित चरचरे डाँडामा भवन सहितको खेलमैदान निर्माण गर्न जग्गा सम्माउन आवश्यक देखिएको र डाँडो सम्माउँदा तलका खेत तथा त्यहाँ रहेको बारीमा असर पर्ने देखिएकोले खेलमैदान बनाउन उपयुक्त हुने सम्मको माटो निकासी गर्न मागको आधारमा वडा कार्यालयबाट राजस्व संकलन गरी माटो निकासी गर्न दिने निर्णय गरियो ।

९. यस गाउँपालिका वडा नं. ६ को डुम्रे भैसी कट्टा मोटर बाटो निर्माणको क्रममा उत्खनन भएका ढुङ्गाहरु यस गाउँपालिकाका प्राविधिक नापजाँच र अनुगमन समितिको निर्णयको आधारमा गाउँपालिकाले नियमानुसार रोयल्टि लिई निकासी अनुमती दिने निर्णय गरियो ।

१०. यस गाउँपालिकाको आ.व. २०७९/८० को अन्तिम लेखा परिक्षण हुँदा महालेखा परिक्षकको प्रारम्भिक प्रतिवेदनको आधारमा उपयुक्त प्रक्रिया पुरा गरी गाउँपालिकाले तिर्नु पर्ने दफा ६३ अनुसारको गाउँपालिकाबाट लेख्नु पर्ने खर्चको बेरुजु रु. १,९४,२१०।— गाउँपालिकाको बेरुजु दाखिला शिर्षकबाट खर्च लेखि बेरुजु खातामा दाखिला गरी फछ्र्यौट गर्ने गराउने निर्णय गरियो ।

११. गाउँपालिकाको वडा नं. ४ को बौरी डाँडाबाट सत्यवती जाने सडकको बौरी डाँडामा २०८०।४।२५ र २६ गतेको अविरल वर्षाको कारण गएको पहिरो प्राविधिक लागत अनुमानको आधारमा नियन्त्रण गर्न रु. २ लाख रकम विपद् व्यवस्थापन कोषबाट विनियोजन गर्ने निर्णय गरियो ।

१२. यस गाउँपालिकाले खरिद गरी नेपाल रेडक्रस शाखा तिनाउलाई सञ्चालन गर्न दिएको एम्बुलेन्स हाल सञ्चालन हुन नसकेकोले यस गाउँपालिका बासिहरु एम्बुलेन्स सेवाबाट बञ्चित भएकोले उक्त एम्बुलेन्स गाउँपालिकाले हाल सम्म एम्बुलेन्स सञ्चालनको हिसाब सहित फिर्ता ल्याई नियमानुसार गाउँपालिकाबाट सञ्चालन गर्ने निर्णय गरियो ।

१३. यस गाउँपालिकाबाट तपशिल अनुसारका कार्यक्रमहरुका लागि तपशिल अनुसार आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

तपशिलः

| क्र.सं. | कार्यक्रमको नाम | रकम रु. |
|---|---|---|

| | | |
|---|---|---|
| १ | न्वागी महोत्सव मनाउन वडा नं. २ | ५०,०००।- |

१४. मिति २०७९/०५/०८ गते सिद्धार्थ मिनरल्स प्रालिको नविल बैंक लिमिटेडको चेक नं. ३८१०२४६७ बाट दाखिला भइ यस गाउँपालिकाको आन्तरिक राजश्व खाता ०८१०३०००२८ मा रु. १०,५८,३५३।०० को भौचर प्राप्त भएको आधारमा गाउँपालिकाको राजश्व संकलन गर्ने सांग्रिला सफ्टवयरमा रकम  रसिद नं. ३६ बाट आम्दानी जनाइएको बुझिलिने खिम बहादुर रानाको भनाइ रहेको तर सो श्रेस्तामा सक्कल बैंक भौचर संलग्न नभएको तथा सोही विषयमा सक्कल बैंक भौचर संलग्न राखी राजस्व शाखा प्रमुख श्री निरन्जन लामिछानेले रसीद नं. १३६ मिति २०७९/०७/०३ मा सोही रकम आम्दानी वाँधेको देखिन्छ ।सो दुवै आम्दानी रसीदबाट रकम दाखिला गर्ने सिद्धार्थ मिनरल्स प्रा.लि. ले स्थानीय विकास शुल्क वापत वार्षिक एकपटक मात्र गाउँपालिकालाई खानी विभागमा दाखिला गर्ने रकमको १० प्रतिशत नविकरणका लागि वुझाउने कानूनी व्यवस्था रहेबमोजिमको रकम भएको शाखागत जानकारी प्राप्त भएको।साथै सोही प्रकृतिको र.नं. ६० र र.नं. १३७ मा पाल्पा विकास केन्द्र, नविन न्युज नेटवर्क र जे एन स मिडियाको सुचिकृत दस्तुर वापत रु. १५०० दोहोरो आम्दानी भएको जानकारी प्राप्त भएको ।दुवै आम्दानी रसीद एउटै कारोवारको भएको हुँदा र.नं. ३६ र र.नं. १३६ मा वाधिएको आम्दानी एकपटक मात्र हुनुपर्ने एवं ६० र १३७ को समेत एउटै हुनुपर्ने देखिँदा तथा सुत्र सफ्टवयरमा सोको कुनै प्रभाव तथा त्रुटी नभएकोले आ.व. २०७९/८० को अन्तिम लेखा परीक्षणको प्रारम्भिक प्रतिवेदनमा सोही अनुसार आय हिसाव कायम गर्न अनुरोध गर्ने निर्णय गरियो ।